# कमला सरुप

-होमनाथ सुवेदी

**नारी हस्ताक्षरका लागि स्वर्गीय श्री डिल्लीराम तिमसिना स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार विजयी कमला सरुपको परिचय हो ।**

:

आजकी चर्चित कथाकार र पत्रकार, कमला सरुप सिद्धहस्त लेखक हरिभक्त बुढाथोकी वरदपुत्री, प्रवासमा नेपाली समाजकी प्रतिनिधि महिला लेखिका हुनुहुन्छ । अन्तर्राष्ट्रिय नेपाली सहित्य समाजको उपाध्यक्ष रही सकेकी र अनेसासको विश्वसञ्जाललाई फैलाउनमा महत्वपूर्ण योगदान गर्ने सरुप हाल न्युजर्सीबाट peacejournalism.com चलाइरहनुभएको छ । वहाको प्रकाशित २ वटा पुस्तक बजारमा आएका छन् । तिनमा पहिलो हो- सम्झौताको मोडमा' कथा-सङ्ग्रह र दोस्रो हो- सम्झनाका अनुभूतिहरु कथा-सङ्ग्रह । यो 'सम्झनाका अनुभूतिहरु' कथा-सङ्ग्रहमा नै **नारी हस्ताक्षरका लागि स्वर्गीय श्री डिल्लीराम तिमसिना स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार** प्राप्त गर्नुभएको हो ।

More

Kamala Sarup (M.A. Journalism/ PhD Student)
Editor-In-Chief
Peace Media
(Writer cum Journalist Kamala Sarup has done graduate and Master studies at universities in Nepal and India and worked for newspapers and media outlets in both countries. Kamala Sarup currently participates in women's development programs in Nepal as a chief reporter of the Asmita, women's magazine. She also served as a program coordinator at the Media Point School of Proffessional Journalism in Kathmandu. She served as a program assistance in the Radio Nepal's analytical Program called Ghatana Ra Bichar. She is also a contributing Advisor of The Nepal Digest.

She is specialiging in in-depth reporting and writing on Women, Development, Politics, Peace and HIV/AIDS. She writes for Scoop, New Zealand, Expository magazine, USA, Aviva, London The Nepal Digest, Bangaladesh- web.com, The Telegraph, The People's Review, Nepalnews.com, Paradesh.com and many other magazines and newspapers. She wrote and published many articles, books and research papers. Some of her publications are: **Women's Empowerment** (Booklet, 1999). **Prevention of trafficking in women and girls for prostitution through media,** (Book, 1997-1998. B.P. Koirala Foundation, New Delhi.) **Efforts to Prevent Trafficking in Women & Girls - A Pre-Study for Media Activism** (Asmita, Media research, 1998). **Samjhuta ko modma** (Stories collection 1993). She also published several stories, poems, in the magazines such as Madhu Parka, Garima, Gorakhapatra, Sangrila, Rachana, Ratna Shree, Abhibyakti etc. Her interests include international conflict resolution, cross-cultural communication, philosophy, feminism, political, socio-economic and literature. Her current plans are to move on to humanitarian work in Nepal in the near future. She also is experienced in organizational and community development.

**सुवेदी:** : नारीवादी साहित्यको प्रवृतिबारे केही जानकारी? भनेर प्रश्न गरेकोमा वहाँ उत्तर दिनुहुन्छ ।

**सरुप:** यसबारे मैले अरुसित पनि यही भन्दै आएकी छु । एलिन सावोल्टोर (ई.सं. १९७९) ले नारीवादी लेखनले नारी हधिकार र वर्चस्व कायम गर्ने भएका कारण पुरुषवाली लेखन प्रवृत्तिमा यसलाई अलग ढंगले परिभाषित गर्नुपर्छ भन्ने मान्यता राखेपछि एलिन सावोल्टोरको सो भनाइप्रति असहमति जनायने थुप्रै पुरुष लेखकहरुलाई हामी यहाँ सम्झन सक्छौं । तर म देरिदाको दर्शन उच्च नारीवादी दर्शन हो भन्ने कुरामा विश्वास गर्छु । रिगोवाटो, मञ्जु, सिलभिया प्लाथ, एलिस वार्कर र मार्गरेट एटउडले देखाउने गरेको विसंगतिवादी प्रवृत्तिमा देखिने नारीवादी साहित्य होस् या गैविला मिस्त्राल, नेली माक्स र जुको तुसिनाले देखाएको संरचनात्मक प्रवृत्तिसंगै विकास भएको स्वच्छन्दतावादी प्रवृत्तिमा नारीवादी झुकाव होस् विश्वसाहित्यले स्वीकारिसकेको सत्यलाई हामी यहाँ बिर्सन सक्दैनौं । नेपालको नारीवादी साहित्यको कुरा गर्दा पारिजातको शिरिषको फूललाई लिन सकिन्छ जुन फ्रान्सेली साहित्यकार आल्वेएर कामुको निस्सारवादको निकट मानिन्छ । वानिरा गिरी, प्रेमा शाह, देवकुमारी थापा, पदमावती सिंह र सीता पाण्डेका रचनाहरुमा पनि हामी नारीवादी लेखन प्रपृत्ति देख्न सक्छौं । जसरी विश्वसाहित्यले नारीवादी साहित्य लेखनलाई उच्च सम्मानका साथ लिएको छ त्यो प्रवृत्ति नेपालमा विकसित हुनुपर्ने आवश्यकता भैसकेको छ ।

# संझनाका अनुभूतिहरु

*होमनाथ सुवेदी*

भर्जिनिया ।

**यो 'सम्झनाका अनुभूतिहरु' कथा-सङ्ग्रहमा नै नारी हस्ताक्षरका लागि स्वर्गीय श्री डिल्लीराम तिमसिना स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार** प्राप्त गर्नुभएको हो ।

विवेच्य कथा संग्रह नेपालमा राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति मोहन कोइरालाले गत माघ १३ गते विमोचन गरेका हुन् । यो अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वाशिङ्गटन डि.सी.को प्रकाशन हो र यसको अमेरिकामा परिचयात्मक कार्यक्रम यही मार्च १४ को दिन हुन गइरहेको छ । यसरी प्रतिष्टित पीठहरुमा विमोचन र सिंहावलोकन भै रहेको यो विवेच्य कथा संग्रह 'संझनाका अनुभूतिहरु'की लेखिका हुन्: कमला सरुप । यसको विमोचनलाई लिएर काठमाडौंमा विभिन्न पत्र पत्रिकाले अमेरिकाबाट संझनाका कोसेली भनेर छापे । विमोचन कार्यक्रममा अनेसास अमेरिकाका प्रतिनिधि शिव प्रसाद सत्याल तथा सगरमाथा टेलिभिजिन अमेरिकाका निर्माता तथा निर्देशक राम खरेल, साहित्यकार डा.ताना शर्मा, डा. खगेन्द्र लुइटेल, डा. तुलसी प्रसाद भट्टराई, प्रा.कृष्ण गौतम, शैलेन्द्र साकार तथा पुरुषोत्तम दहालले पुस्तकको बारेमा विशद विवेचना गरेका थिए । प्रा. मोहन राज शर्माको सभापतित्वमा भएको त्यस विमोचन कार्यक्रमले योसंझनाका अनुभूतिहरु महिमा मन्डित गरेको छ ।

कमला सरुप "संझौताको मोडमा" कथा संग्रहबाट नै चर्चित कथाकारको रुपमा परिचित छिन् । यो 'संझनाका अनुभूतिहरु' कथा संग्रह सरुपको दोस्रो प्रकाशन भएर पनि अद्वितीय छ। यो 'संझनाका अनुभूतिहरु' कथा संग्रहमा १८ वटा कथा छन् । यी मध्ये सरुपका धेरै कथा नेपालको समसामयिक राजनैतिक अस्थिरता, असुरक्षा, अशान्तिको विवृतिमा रमाएका छन भने बाकी कथाहरुले प्रेम, विवाह र वियोगजन्य पीडाको भावभूमिलाई कथावस्तु बनाएका छन् । यस संग्रहमा सरुप देशमा चर्किरहेको माओवादीहरुको जनयुद्ध वा गृहयुद्धको चपेटामा परेर त्राहित्राहि भएको नेपाली जनजीवनलाई बोकेर आएकी छिन् । काटमारको अचानोमा परेका पात्रहरुको शान्ति र प्रेमको स्वर कथानक विनाका अनुभूतिहरुको रुपमा सिर्जित यो कथा संग्रह समय सापेक्ष छ ।

कथानकः सरुपको यो कथा संग्रहमा "संझौताको मोडमा" जस्तै कथानकको चमत्कारिता छैन । यौटै "भगवती कुमारीको सपना" कथामा कथानक घटना प्रधान छ भने अरु कथाका कथानक चरित्र प्रधान छन् । सरुपको विवेच्य कथाको कथानकबारे प्रा. मोहन राज शर्मा लेख्छन्: "त्यसैले सङ्कलित कथामध्ये एक दुई बाहेक सबै जसोमा शूक्ष्म कथानक रहेको छ र लेखिकाको संपूर्ण श्रमसीप पात्रहरुको अङ्कनतर्फ नै छ (संझनाका अनुभूतिहरुबाट)।" अन्तर्मुखी पात्रहरु स्वयम् वा अरुले गरेको मनोविवृति वा आत्मनेपदमा अन्तरावलोकनमै कथानक टुङ्गिन्छ। यो आजको कथाको प्रवृत्ति नै हो। यो मूल प्रवृत्तिलाई पकेर आत्मानुभूतिलाई आत्मपहिचानकासाथ प्रस्तुत गर्नु यो कथा संग्रहको मूलभूत वैशिष्ट्य हो (भूमिका-डा.खगेन्द्र लुइटेल )।

पात्रः यो कथा संग्रहको प्रमुख पात्र "सन्त बहादुर" हो । यसमा भएका अरु सन्त बहादुर जस्ता पुरुष पात्र सान्दाइ, बम बहादुर तामाङ्ग जस्ताको गृहयुद्धको चपेटामा परेर निर्मम हत्याको यातनामा परेका पात्रको चित्रणलाई कथाले प्रमुखता दिएको छ । सनक, बिर्ख बहादुर पात्रका नाम सरुपका कथामा एकभन्दा धेरै ठाउँमा आएकाले यी ठेट नेपाली नामप्रति कथाकार कमलाको मोह राष्ट्रप्रेम मात्रै हो कि अरु रहस्य पनि छ, यो एक अनुशीलनकर्ताको लागि प्रश्न नै छ। अरु पनि नवीन कुमार जस्ता पुरुष पात्र छन् । यो सूक्ष्म अवलोकनमा पात्रहरुको वृहद् व्याख्या गर्न उपयुक्त होओइन । महिला पात्रबारे केही पनि न लेख्दा अन्याय होला । नारी पात्रका शीर्षस्थ अभिनेतृहरुमध्ये "सपू" को गहनतम प्रेम, "निर्मला" को प्रतीक्षापूर्ण प्रेम, "माहिली" को ठेट माया, "अनाम नायिका"का अमोघ अविज्ञेय प्यार, "पातली" को भोलापनको प्यार, "मखमली" को शौर्य, "मेधावती" को अभिष्ट चयनको सीमा र "भगवती" को विद्रोहले यो "सन्त बहादुर म तिमीलाई माया गर्छु" कथा संग्रहलाई महिमामण्डित गरेका छन् । अरु अनाम नायकको त कुरै न गरौं । सरुपका कथाका प्रतिनिधि पात्र नै अनाम हुन्छन् । अनाम पात्र नायकका चिठी आउछन् तर खाममा नाम स्पष्ट छ । यो सन्दर्भमा ऐले यति मात्र भन्नु पर्याप्त होला कि नया कथाका पात्रत्वलाई यी कथाका पात्रले परिवहन गरेका छन् । प्रविधिःव्याख्यानको दृष्टिले सरुपको पहिलो कथा संग्रह "संझौताको मोडमा" जस्तै यस संग्रहमा पनि प्रथम पुरुष शैली र तृतीय पुरुष शैलीको लेखनविधि अपनाइएको छ । "भगवती कुमारीको सपना" तृतीय पुरुष वर्णनात्मक शैलीमा लेखिएको छ । त्यस्तै केही कथा बाहेक अरु सबै आत्मपरक शैलीमा छन् । भगवतीको कथा लेखन प्रविधि 'संझनाका

अनुभूतिहरु' कथा संग्रहमा पत्राचार शैलीमा बढी प्रयोग छ । त्यसमा पनि इमेल र फोनको प्रयोगले नवीनतम रुप लिएको छ । जस्तो "नदेखेको माया" कथा मधुपर्क जेठ २०६० मा प्रकाशित भएकोले भरखरैको कथा हो, लेखिका भर्जिनियामा नै भएको हुनुपर्छ । ऐले अमेरिका बसेर इमेलविधिमा यस्तो कथा लेख्नु चाहि कथाकार सरुपको समय सापेक्ष विधिको प्रयोग गर्न सक्ने क्षमताको परिचय हो । शैलीबारे डा.खगेन्द्र लुइटेल भूमिकामा लेख्छन्: "यिनले विविध आत्मानुभूतिहरुलाई छोटो आयामभित्रै स्पस्ट ढंगले कथात्मक बान्कीका आवद्ध गरेकी छिन् । प्रत्यक्ष वर्णनात्मक एवम् वार्तालापीय ढङ्गले कथा प्रारम्भ गर्न विशेष अभिरुचि राख्ने कमला सरुपको कथान्त गर्ने ढाँचाचाहिँ अधिकांशतः संशयात्मक रहेको देखिन्छ (भूमिका)।"

भाषातर्फ "संझनाका अनुभूतिहरु" "अप्राप्यमोड" कथामा कथा एक मात्र पढे अनुभव हुन्छ । सरुपको भाषा अति गेयात्मक, भावातिरेकित, गहनतम र कवितामय छ । सरुपको भाषामा दखल राख्ने सन्दर्भमा प्रा.कृष्ण गौतम लेख्छन्: "वहाँले लेखनमा त्यो सामर्थ्य हासिल गर्नु भएको छ जो उहाँकै निजी श्रमको विकसन कोपिला हो, जो फूल भएर फक्रन आतुर छ र जो वातावरणलाई रोचक र सुवासमय पार्दै जगमगाउन चाहन्छ (कमला र संझनाका अनुभूतिहरुबाट)।" त्यस्तै गरी भाषाबारे डा.खगेन्द्र लुइटेल भूमिकामा लेख्छन्: "कमला सरुपले समान्य बोलचालका ढंपको सरल, सहज र स्वाभाविक भाषिकविन्यास गरी वर्णनात्मक, विवरणात्मक, पत्रात्मक, वार्तालापीय र एकालापीय शैलीमा सर्वग्राह्य र सुबोध कथाको सिर्जना गरेकी छिन् (भूमिका)।" यी कथाभित्र र समालोचकका केवल भाषाबारेका कुरा हुन् । भाषा कलात्मक पनि त हुनुपर्छ भन्ने सन्दर्भमा "अप्राप्यमोड" मोड यौटै मात्र कथा पढे पनि अनुभव हुन्छ कि सरुपका कथाको भाषा कालङ्कारिक छ । यस कुरालाई डा.लुइटेलको यो वाक्यांशले अझ पुष्टी गर्दछ: "यिनले नारुसादा भाषाका साथै कतिपय ठाउँमा कालङ्कारिक र काव्यात्मक भाषाशैलीय विन्यास पनि आ कथामा गरेकी छिन् (भूमिका)।" भाषामा शौन्दर्य भए पनि "पोइल" र "लाहुरे" कथामा "गाँठे" शव्दको प्रयोग पनि पाइन्छ । यो अभिजात्य साहित्यमा दोष हो । आजभोलि सन्दर्भ मिल्ने गरी प्रयोग गरेको भए यथार्थताको लागि चलाउछन् । सरुपका यी प्रयोग सान्दर्भिक भएकोले मान्य नै छ ।

परिवेश: यो 'संझनाका अनुभूतिहरु' कथा संग्रह सरुप अमेरिकामा बसेर तयार गरेको भए पनि नेपालका गाऊँको बढी छाप छ र काठमाडौं अनि केही छिटपुट विदेशको परिवेश मात्र परिवेष्टित छ । "सान्दाइको सम्झनामा" कथामा कोठो जहाँ सान्दाइ र ठाहिलीका फोटाहरु छन्, नेपालको पहाडी भेकको घरको सजीव चित्र छ । त्यस्तै "पातलीको माया" कथामा चित्रित गाऊँघर, मकै गोड्न गएको बेलाको बातावरणमा पुग्दा नेपालको गाऊँभित्रै पसे जस्तो हुन्छ । "मेघावती पटेल" कथामा घटना काठमाडौंको छ तर मान्छे काँठे र शहरिया छास्मिसे छन् । वास्तवमा काठमाडौंको सडक र मान्छेहरुको यो परिवेश यथार्थवाद अनुकुल छ । "लाहुरे" कथामा रोदी घर र आगनको परिवेशले यसलाई अति स्वाभाविक बनाएका छन् । "न देखेको माया" कथामा इन्टर्नेटको प्रयोग चाइनिज केटाको डि.सी. घुम्न जाने इत्यादि कुराले कथाकत्रृ बसेको भर्जिनियाको परिवेशलाई इङ्गित गर्दछ । परिवेशको हकमा सरुप त्यसै पनि बाहिरी कुरामा भन्दा अन्त:परिवेशमा रमाउने लेखिका हुन् । जस्तै "तिम्रो संझनाका अनुभूतिहरु" कथामा कथा नेपाल र विदेशका ठाउँमा हैन कोठा बाटो र चियापसलभित्रै घुम्छ, चियाको बाफसित यसको परिवेश आजको मान्छेको स्वर सुहाउँदो छ । परिवेशको समायोजन कथा अनुकूल र आजको हाम्रो अवस्था अनुकूल छ ।

जीवनजगत् :जीवनजगत्को अध्ययनको दृष्टिले यसमा संकलित कथाहरुमा "संझौताको मोडमा" जस्तै महिला बेचबिखनको समस्या अगाडि सारिएको छैन वरु देशको गरिबी, माओवादी जन युद्धबाट उत्पन्न नेपालीका जीवन्मृत्युसम्वन्धी प्रश्नहरु, नारीविद्रोह र प्रेमलाई प्रमुख स्थान दिइएको छ ।गरिब नेपालीहरु घरको चुहेको धुरी टाल्न सकिएला कि भनेर बाहिर निक्लन्छन् । त्यसले पनि त समस्या सुल्झन्न । सरुपको 'लाहुरे' कथाको नायक यसरी धिक्कार्छ :"...अघाउन्जेल भात खान नपाएका आफ्ना दिनहरु संम्झ्यो र तरक्क आँशु झार्‍यो । ...यो साला खप्पर पनि कति अभागी । यत्रो दश वर्ष लाहुर बस्दा पनि आमा बाबुका लागि चुहिएको छाना टाल्न सकिएन नत आफ्नै लागि कुनै माखो मार्न सकियो । आफ्नो खाउँला खाउँला र लाउँला लाउँला भन्ने जोवन खरानी नै भयो । उसले आफूलाई धिक्कार्‍यो..."

लाहुरे विदेश न गै देशभित्रै बस्ला, ऊ देशभक्त होला तर उसको साहुको रिण त सरकारले तिरिदिन्न न त सरकारले नै उनीहरुको मुखमा ड्वाँडो नै हालिदिन्छ । यस्तो अवस्थामा कलकलाउदा नेपाली युवायुवतीहरु या त

सरकारको बन्दुक बोक्न बाध्य हुन्छन् वा माओवादीको । जुनसुकै पक्षका भएपनि सत्तामा हुने त हाँसेर अन्तःपुरमा विराज भैरहेका हुन्छन् । जुनसुकै पक्षका भएपनि यी गरिब, आफ्नो खाउलँ खाउलँ र लाउलँ लाउलँ भन्ने जीवन मृत्युको घाट उतार्न र उतार्न लगाउन बाध्य भएका छन् । यही आजको नेपालको समसामसयक जीवनको सचित्र चित्र प्रस्तुत गर्छिन्: सान्दाइलाई झुन्डाई रेटेर, बम बहादुर तामाङ्गलाई एम्बुसमा मारेर र सन्त बहादुरलाई चार जनाको जमातबाट हत्या गराएर । नेपालीले नेपालीलाई हत्या गरेर, आतङ्क र त्रास फैलाएर कसले के पाउछ ? यी प्रश्नसित सरुप कथामा प्रश्न राख्छिन् : मान्छेले युद्धमा लगाउने यावत् शक्ति किन प्रेममा लगाउदैन? शान्तिमा किन छर्किदैन ? कथाका यी प्रश्नले आजको नेपाल मात्र हैन, विश्वलाई नै छुन पुग्दछ ।

यस संग्रहमा सरुप देशमा चर्किरहेको माओवादीहरुको जनयुद्ध वा गृहयुद्धको चपेटामा परेर त्राहित्राहि भएको नेपाली जनजीवनलाई बोकेर आएकी छिन् र शान्तिको लागि शंखघोष गरेकी छिन् । तापनि व्यक्तिगत रुपमा दमनको निषेध र विकल्पको वरण गर्ने क्रममा सरुपका पात्र विद्रोही नै छन् । "भगवती कुमारीको सपना" कथाकी नायिका उग्र नारीवादी पात्रा हो, हाम्रो समाजमा यो पात्र कृत्रिम भएर पनि कहिल्यै विर्सन न सकिने पात्र हो जसले आफुमाथि अन्याय गर्ने पतिलाई काट्छे र विद्रोह जनाउछे ।

प्रेमबारे सरुपको पहिलो प्रश्न छ कि युद्धको विरुद्ध मान्छेले किन प्रेमको संवन्ध बढाउन्न? "संझनाका अनुभूतिहरु" जस्ता कथा समर्पणको पवित्रताले प्रेमलाई अमर स्थान दिने कथाहरु धेरै छन् । "नदेखेको माया" कथामा सरुप प्रेमको लघु स्वरुपबाटलाई प्रेम समर्पणको दर्शनले अभिप्रेरित अनाम नायिका निष्काम प्रेमपथ जो महत्‌को प्रतीक हो, त्यसमा समाहार हुन्छे । "मानिसलाई मानिसको बारेमा सोच्ने फुर्सद नै छैन र कहिले कही सडकमा हिड्दा कस्तो पनि अनुभव हुन्छ भने थुप्रै मान्छे बीच पनि एक्लो छु र सुनसान मरुभूमिमा फुगत एक्लै हिडिरहेको छु (नदेखेको माया) ।" महत् प्रेममा समाहित हुने तीव्र आकांक्षा हुनुपर्छ भन्ने सरुपको पात्रले देखाउछ ।

निराशा, अनास्थाको पल्लो छेउबाट उद्‌भूत यो प्रेमदर्शनबाट सरुपका कथाहरु अभिसिञ्चित छन् तापनि आज प्रेम यौटा उद्देश्य पनि हो, त्यसलाई खोज्दा त्यसको साधनमै उ मेटिदै गएको अनुभव भैरहेछ । यी कुरा अगाडि सार्न पनि उनी पछि छैनन् । यस कुरालाई "मेघावती पटेल" का यी चरित्रले उजागर गर्दछन् । श्रीमती उसको पति नविनलाई प्रेम गर्छे, तर नविन मेधावतीलाई गर्छ, श्रीमतीलाई हैन । हो, नविन मेघावतीलाई गर्छ, तर मेघावती अकैलाई प्रेम गर्छे, नविनलाई हैन । आज यो क्रम जीवनको अविक्षेद्य अंग हुदै गइरहेछ । नविनको अभीष्ट त मेघावती हो तर आज उ उसको हातमा छैन । त्यसैले कथाको नायक जो आजको मान्छेको प्रतीक हो, अन्यमनस्क उभिएको छ । सरुपको नै पहिलो कथा संग्रह "संझौताको मोडमा" भएको "उसको मृत्युमा" कथामा सानू अर्काको पति कविलाई माया गर्छे तर ऊ कविलाई स्वीकार्न सक्दिन । यी दुईका बीचका अन्यमनस्कता तुलनीय पक्कै छन् तर यौटै मात्र समस्या भने हैनन् । यी प्रश्न केवल प्रेम र एक मात्र पात्रका हैनन् अपितु आजका मानव जीवनका प्रश्न चिन्न हुन्, जसलाई सरुपका कथाले छुन पुगेका छन् । यस पक्षमा डा. खगेन्द्र लुइटेलको यो मतले अझ पुष्टी गर्दछः "......कथाकारको प्रेम संवन्धी दृष्टिकोण शारीरिक वा वासनात्मक प्रेमको पक्षमा न भएर विश्वासमा अडेको भावनात्मक प्रेमको पक्षमा रहेको देखिन्छ (भूमिका)।"

**साहित्य र व्यक्तित्वः**

नेपालदेखि धेरै टाढा आएर पनि यो नाफाननोक्सानको लेखनका काम गर्ने किन होला? यो अति नै सामान्य मान्छेले पनि गर्ने प्रश्न हो । यस प्रश्नको जबाफ प्रकाशकीयले यसरी चित्त बुझ्दो किसिमले दिएको छ । हामी....लोप न हुँ । हामीमा मान्छे 'हुनु'को अनुभूति होओस् । ठूलो देशमा यदाकदा त लाग्छ कि हामी हरायौं, लोप भयौं । त्यसकै परिणाम हो कि हामी टाढा बसेर पनि नेपालीमा लेखन र प्रकाशनलाई निरन्तरता दिइरहन चाहन्छौं । यो सेवा अर्काको लागि वा केही फलको लागि हैन बरु स्वयम्‌लाई खोज्न र बचाउनको लागि हो (पुरु सुवेदी–प्रकाशकीय)। अझ यति टाढा त के जहाँ बसे पनि सरुपको लागि त साहित्य नै जीवन हो । जीवन त संप्रेषणको संभावना मात्र हो जसको मेरुदण्ड साहित्य र लेखन हो (सरुप-मेरो भनाइ)। सरुपको अभिव्यक्ति यति गहन छ कि त्यो अविज्ञेय नै रहन्छ साधारण पाठकलाई । यसको अर्थ यो हैन कि साहित्यमा कुनै कमी छ ।

भौतिक रुपले उनी सानी नानी नै भए पनि पूतनालाई तर्साउन सक्ने व्यक्तित्व उनमा छ। त्यसैले त कमला सरुपको ठूलो नाम सुनेर ठूलै होलिन् भन्ठानेका पुरुषोत्तम दाहाल अचानक कमलालाई देख्दा लागेको अनुभूति यसरी व्यक्त गर्छन्। पहिलो पटक उनले विस्फारित नेत्रले हेरिरहे। उनलाई विश्वासै भएन, त्यस्ता दार्शनिक, प्राज्ञिक, परिपक्व लेखका रचनाकार यति सानी मान्छे पनि हुन सक्छिन् (कमलाको "संझनाका अनुभूतिहरु""बारेबाट)।" मैले लेख्न शब्द न पाएको पुरुषोत्तम दाहालले लेखे जस्तो मलाई अनुभव भयो। धरानमा जन्मेर काठमाडौमा खाइखेली दिल्लीमा दिल दिएर पत्रकारितालाई पेशा बनाउदै साहित्यको सेवा गर्दागर्दै आज अमेरिकामा "युद्ध निराकरणमा महिलाको भूमिका" विषयमा विद्यावारिधि गरिरहेकी हुनाले उनी गहन र दर्शनतिर उन्मुख हुनु स्वाभाविक हो। उनको व्यक्तित्व र कथाकारितामा औचित्य छ। नेपाली कथा साहित्यको इतिहासमा आएका नारी कथाकार पारिजात, प्रेमा शाह, भुवन ढुङ्गाना, भागिरथी श्रेष्ठ, सीता पाण्डे र सारदा शर्मा जस्ता धेरै कथाकारको पंक्तिमा कमला स्वरुप (बुढाथोकी) लाई यो 'संझनाका अनुभूतिहरु' कथा संग्रहले उभ्याएको छ। 'संझनाका अनुभूतिहरु' जम्मा ८७ पेजको मात्र १८ वटा कथाको सानो तर मीठो कथा संग्रह हो। यसको मूल्य नेपालमा नेरु ५०।०० छ भने वाहिर यु एस् डलर ३।०० राखिएको छ। ऐलेको परिप्रेक्षमा यो अति नै सुपथ मोल हो।

कमला सरुपको पहिलो कथा संग्रहमा "जीवन भन्नु नै संघर्ष हो भन्ने जान्दाजान्दै पनि आजको मान्छेमा जतासतै विरक्ति छ, उदासिनता छ, न रमाइलो छ, शून्य शून्यमा जीवन अनुदित भएको छ आज" यो स्वरुपको मूल स्वर थियो भने यो दोश्रो प्रकाशन मानव जीवन भन्दा बढी नेपाल र नेपालीको आतङ्कित त्रस्त जीवनको चित्र खिच्नमा बढी अग्रसर छ। पात्रको मितव्ययिता, समसामयिक जीवन चिन्तन, शान्तिपूर्ण सहअस्तित्वको कामना, पत्राचार विधि र गहकिलो भाषा शैलीले यो 'संझनाका अनुभूतिहरु' कथा संग्रहलाई अझ एक स्तर माथि उठाएका छन्। सरुपको लगनशीलता, चिन्तन र मननले अरु नव सिर्जित पुस्तकहरु अझ परिष्कृत हुनेछन् भन्ने विश्वास गर्न सकिन्छ।

**Published on**

**Nishpaksha**

**from Parades.com with some changes**

**http://www.nepalnews.com.np/contents/nepaliweekly/nispakshya/2004/jul/jul27/view.htm#6**